// # स्थानीय राजपत्र

## गल्छी गाउँपालिका द्वारा प्रकाशित

खण्डः संख्याः मितिः २०७७/०३/२४

भागः

### गल्छी गाउँपालिका
### उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना**

कृषकले उत्पादन गर्ने कृषि वा पशुजन्य उत्पादनमा उत्पादनको आधारमा आर्थिक सहयोग गर्न कृषि तथा पशुपालन पेशामा आकर्षित गर्दै आत्मनिर्भर बनाउने उद्देश्यले संस्थागत रुपमा कृषि तथा पशुजन्य उपज उत्पादन गर्ने कृषक र कृषि समुह वा सहकारीहरुलाई उत्पादनको आधारमा अनुदान उपलव्ध गराउने उद्देश्यले गल्छी गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (द) अनुसार यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम ''उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि २०७७'' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधि भन्नालेः

क) "**कार्यविधि**" भन्नाले गल्छी गाउँपालिका उत्पादनमा आधारित अनुदान संचालन तथा कार्यान्वयन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

ख) "**अनुदान**" भन्नाले प्रोत्साहन स्वरुप उत्पादन गर्ने परिमाणको आधारमा प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

ग) "**गाउपालिका**" भन्नाले गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "**उत्पादन**" भन्नाले स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफुल, अन्न वाली, दलहन वाली, तेलहन बाली, दुधजन्य गाई भैंसी र मासुजन्य बाख्रा, खशी, रांगो, खरायो, बंगुर, लोकल कुखुरा र माछालाई सम्झनु पर्दछ ।

ङ) "**व्यवस्थापन तथा अनुगमन समिति**" भन्नाले उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका लागिदफा १५ बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन गर्ने गाउँपालिका स्तरीय समितिलाई सम्झनु पर्दछ ।

च) "**साझेदार संस्था**" भन्नाले स्थानिय तहको सहकार्यमा कृषि ब्यबसायलाई बहुआयामिक रुपमा बिकास गर्ने उद्देश्यले स्थापना गरिएका कृषि सहकारी संस्था वा संस्था मार्फत् संचालित व्यवसायिक फर्महरुलाई सम्झनु पर्दछ ।

छ) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु गर्दछ ।

३. उद्देश्यः यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) कृषि उत्पादनमा आवद्ध कृषकहरुको मनोबल उच्च राखी निजहरुको लगानीलाई सुनिश्चितता प्रदान गर्ने ।

ख) किसानहरुलाई सहकारीमा आवद्ध गराई उत्पादित कृषि उपजहरुलाई सहकारी मार्फत बजारमा विक्री गर्नुका साथै उपभोक्ता समक्ष आदान प्रदान सेवा प्रदान गर्ने ।

ग) किसानहरुलाई गुणस्तरिय मल, विउ विजन उपलव्ध गराई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

घ) गाउँपालिका क्षेत्रभित्रबाट बिक्री गरिने बस्तुको मुल्यबाट गाउँपालिका क्षेत्रबाहिर बाट खरिद गरिनेबस्तुको मुल्यमा बचत गरी ब्यवहार संचालन गर्न सक्ने अबस्था सिर्जना गर्ने ।

ङ) खरिद र बिक्रीको जिम्मेवारी सहकारीले लिई उत्पादनको सुनिस्चिता गर्ने ।

च) गल्छी गाउँपालिका अन्तरगत रहेका ८ वटा वडाहरुलाई भौगोगिक बनावट र हावा पानीका आधारमा बिशेष उत्पादन तथाबिउपकेट क्षेत्रको रुपमा विकास

गरी अनुदानका नीतिहरु अवलम्बन गर्ने।

छ) उत्पादनमा आधारित अनुदानका सबै क्षेत्रमा बीमा नीतिलाई लागु गराईने छ ।

## परिच्छेद–२
## उत्पादनमा आधारित अनुदान कार्यक्रमका क्षेत्रहरु

४. उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन् :

क) तरकारी तथा फलफुल उत्पादन ।

ख) धान, मकै, कोदो, गहु,जौ, फापर अन्नवाली उत्पादन ।

ग) बाख्रा, खसी, बंगुर, लोकल कुखुरा ,बोयलर, अण्डा, माछा, कालिज, अस्ट्रीज,बट्टाइ जस्ता मासुजन्य उत्पादन ।

घ) दुध, दही, यू , पनिर, खुवा जस्ता दूधजन्य उत्पादन ।

ङ) मास, मस्याङ, भट्मास, केराउ, बोडी, सिमी, रहर, गहत, मुसुरो, मुगी जस्ता दलहन वालीको उत्पादन ।

च) टिम्मुर, अकबरे खुर्सानी, स्कुस, तरुल, पिडालु, गिठ्ठा जस्ता लोप हुदै गएका बालीको उत्पादन ।

छ) तेलहन वालीको उत्पादनमा गर्ने गराउने ।

ज) च्याउ खेती गर्नका लागि हौसला प्रदान गरी अनुदानको ब्यवस्था गरिने छ ।

## परिच्छेद ३
## कार्यक्रमको संचालन

५. कार्यक्रम छनौटः

क) उत्पादनमा आधारित अनुदान कार्यक्रम बार्षिक योजना गाउँ सभाबाट स्वीकृत गर्नु पर्नेछ ।

ख) उत्पादनमा आधारित अनुदान कार्यक्रम स्थानीय कृषि सहकारी संस्था वा कृषाक र कृषि समूहहरुसँग मिलेर संचालन गरिनेछ ।

६. प्रस्तावको ढाँचाः उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि माग गरिने प्रस्तावको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद ४
## कृषकहरुको वर्गिकरण

७. बाख्रा पालन गर्ने कृषकहरुलाईनिम्नानुसार वर्गीकरण गरिएको छ :

क) लघु उद्यमी : ३ देखि १० माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

ख) साना उद्यमी : ११ देखि २० माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

ग) मझौला उद्यमी : २१ देखि ५० माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

घ) व्यवसायिक उद्यमी : ५१ भन्दा वढी माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

ङ) साना बोकाहरु खरिद गरी खसी पाल्ने किसानलाई लघु उद्यमीको मान्यता दिइने छ ।

८. गाई भैसिपालक कृषकहरुलाई व्यवसायिकरण गरि दुध उत्पादनमा बृहत रुपमा बृद्धि गरि आम्दानिमा बृद्धि गर्नुको साथै रोजगार सिर्जना गराउन निम्नानुसारको किसानको रुपमा वर्गिकरण गरिएको छ :

क) लघु उद्यमी : २ बटा दुधालु गाई वा भैसीको माउ पालन गरी बर्षमा कम्तीमा १५०० देखी ३००० लिटर सम्म दुध उत्पादन गरेको हुनुपर्नेछ ।

ख) साना उद्यमी : ३ देखी ५ बटा गाई वा भैसीको माउ पालन गरी बर्षमा कम्तीमा ३००० देखी ५,००० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ ।

ग) मझौला उद्यमी : ६ देखी १० बटा गाई वा भैसीको माउ पालन गरी बर्षमा कम्तीमा ५००० देखी १५००० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ ।

घ) व्यवसायिक उद्यमी : ११ वटा देखि माथि गाई वा भैसीको माउ पालन गरी बर्षमा कम्तीमा १५००० लिटर भन्दा बढी दुध उत्पादन गरेको हुनुपर्नेछ ।

ङ) साना पाडाहरु खरिद गरी रागा पाल्ने किसान लाई लघु उद्यमीको मान्यता दिइने छ ।

९. लोकल कुखुरापालक कृषकहरुलाई निम्नानुसारको किसानको रुपमा वर्गिकरण गरिएको छः

क) लघु उद्यमी : ३ देखि १० माउपालन पालन गरेको हुनुपर्नेछ ।

ख) साना उद्यमी : ११ देखि ५० माउपालन पालन गरेको हुनुपर्नेछ ।

ग) मझौला उद्यमी : ५१ देखि १०० माउपालन गरेको हुनुपर्नेछ ।

घ) व्यवसायिक उद्यमी : १०० भन्दा बढि माउपालन गरेको हुनुपर्नेछ ।

ङ) बयलर पुखुरा पाल्ने किसानलाई ब्यवसायिक उद्यमीको मान्यता दिइने छ ।

१०. बंगुरपालक कृषकहरुलाइ निम्नानुसारको किसानको रुपमा वर्गिकरण गरिएको छ :

क) लघु उद्यमी : पाठापाठी उत्पादनका लागि २ माउ बंगुरपालन गरी कम्तिमा वार्षिक

रुपमा २० वटा पाठापाठी उत्पादन गर्नुपर्नेछ

ख) मासु उत्पादनका लागि ३ देखी १० बंगुर पालन गरी बर्षमा कम्तीमा ३०० देखी १००० के. जि. उत्पादन गर्नुपर्नेछ ।

ग) साना उद्यमी : पाठापाठी उत्पादनका लागि ३ माउ पालन गरी कम्तिमा वार्षिक रुपमा ३० वटा पाठापाठी उत्पादन गर्नुपर्नेछ ।

घ) मासु उत्पादनका लागि १० देखी १५ वटा वंगुर पालन गर्नुपर्नेछ ।

ङ) मझौला उद्यमी : पाठापाठी उत्पादनका लागि४ माउ पालन गरी कम्तिमा वार्षिक रुपमा ४० वटा पाठापाठी उत्पादन गर्नुपर्नेछ

च) मासु उत्पादनका लागि १६ देखी २० वटा बंगुर पालन गर्नुपर्नेछ ।

छ) व्यवसायिक उद्यमी : पाठापाठी उत्पादनका लागि २० भन्दा माथि माउ बंगुर पालन गर्नुपर्नेछ ।

११. यस गाउँपालिका अन्तर्गगतका वडामा रहेका तरकारी उत्पादक उद्यमीहरुलाई व्यवसायी बनाई रोजगार तथा आत्मनिर्भर बनाउनको लागि तरकारी उत्पादक उद्यमीहरुलाई निम्न वर्गमा वर्गीकरण गरिएको छ ।

क) लघु उद्यमी: १ देखि २ रोपनी जमिनमा तरकारी खेती उत्पादन गर्नुपर्नेछ ।

ख) साना उद्यमी : ३ देखि ४ रोपनीजमिनमा तरकारी खेती उत्पादन गर्नुपर्नेछ ।

ग) मझौला उद्यमी : ५ देखि ६ रोपनी जमिनमा तरकारी खेती उत्पादन गर्नुपर्नेछ ।

घ) व्यवसायि उद्यमी : ७ देखि भन्दा बढि जमिनमा तरकारी खेती उत्पादन गर्नुपर्नेछ ।

ङ) ब्यमौसमी खेती गर्ने किसानलाई १ टनेल लघु, २ टनेल साना, ३ टनेल मझौला, ४ टनेल ब्यवसायिको रुपमा उद्यमीको मान्यता अवलम्बन गरिने छ ।

११.१ यस गाउपालिका अन्तर्गगतका वडामा रहेका अन्नवाली उत्पादक उद्यमीहरुलाई व्यवसायी बनाई रोजगार तथा आत्मनिर्भर बनाउनको लागि उद्यमीहरुलाई निम्न वर्गमा वर्गीकरण गरिएको छ।

क) लघु उद्यमी: १० देखि २० क्विन्टल उत्पादन गर्नुपर्नेछ ।

ख) साना उद्यमी : ३० देखि ४० क्विन्टल उत्पादन गर्नुपर्नेछ ।

ग) मझौला उद्यमी : ५० देखि ६० उत्पादन गर्नुपर्नेछ ।

घ) व्यवसायि उद्यमी : ६० भन्दा बढि उत्पादन गर्नुपर्नेछ

१२. आफ्नै पोखरीमा माछा उत्पादन गर्ने किसानहरुलाई निम्न बर्गमा बर्गीकरण गरिएको छ ।

क) लघु उद्यमी : बार्षिक रुपमा ५०० किलो माछा उत्पादन गर्नुपर्नेछ ।

ख) सानाउद्यमी : बार्षिक रुपमा १००० किलोमाछा उत्पादन गर्नुपर्नेछ ।

ग) मझौला उद्यमी : बार्षिक रुपमा १५०० किलोमाछा उत्पादन गर्नुपर्नेछ ।

घ) व्यवसायिउद्यमी : बार्षिक रुपमा २००० किलो माछा उत्पादन गर्नुपर्नेछ ।

ङ) ट्राउट माछाको लागि क ३, ख ५, ग ७ र घ १० उत्पादन गर्नु पर्नेछ ।

१३. उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्रस्ताव छनौटका मापदण्ड देहायबमोजिम हुनेछ ।

क) उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी किसानको सम्पुर्ण बिबरण गल्छी गाउँपालिकाे कृषि वा पशु शाखामा अनुसुचि १ बमोजिमको ढाँचामा बिवरण पेस गर्नुपर्ने छ । सहकारी संस्थासंग आवद्ध भइ अनुदान प्राप्त गरेको भए सम्बन्धित कृषकले आफू आवद्ध सहकारी संस्थामा र सहकारी संस्थाले गाउँपालिकाको कृषि वा पशु शाखामा सोही ढाँचामा विवरण पेश गर्नु पर्नेछ ।

ख) प्रस्तावक किसान गाउँपालिकाको नियम अनुसार दर्ता भइ करको दायरमा आएको हुनुपर्नेछ र किसानको दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, बार्षिक नविकरण र बार्षिक उत्पादन सहितको बिवरण गाउँपालिकामा अनुसुचि २ को ढाँचामा उत्पादनमा आधारित अनुदान फाराम पेस गर्नु पर्नेछ । सहकारी संस्थासंग आवद्ध भइ अनुदान प्राप्त गरेको भए सम्बन्धित कृषकले आफू आवद्ध सहकारी संस्थामा र सहकारी संस्थाले गाउँपालिकाको कृषि वा पशु शाखामा सोही ढाँचामा विवरण पेश गर्नु पर्नेछ ।

ग) उत्पादनमा आधारित अनुदानमा सहभागी हुन कार्यक्रम संचालन गर्नुभन्दा पहिला कार्ययोजना तयार गरी सम्बन्धित वडा कार्यालयको सिफारिश सहित सहकारी संस्था मार्फत गाउँपालिकाको कृषि तथा सहकारी शाखामा पेश गरिएको हुनुपर्नेछ ।

घ) अनुदानग्राहीहरुलाई दिनुपर्ने अनुदान रकम सहकारी संस्थासंग आबद्ध भएको भए सहकारी संस्था  मार्फत्र सो नभए कृषक आबद्ध भएको समूह मार्फत् भुक्तानी गरिनेछ ।

## परिच्छेद ५
## अनुदान तथा सेवा सुविधाहरु

१४. उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी कृषकहरुलाई निम्न बमोजिमका अनुदान तथा सेवा सुविधाहरु उपलव्ध गराईनेछ ।

१४.१ बाख्रापालक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछ:

क) लघु उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप बिवरणका आधारमा सुधारिएको खोर निर्माण तथा सुधारका लागिरु. पाँच हजारसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) साना उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप बिवरणका आधारमा सुधारिएको खोर निर्माण तथा सुधारका लागि रु. दश हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप बिवरणका आधारमा सुधारिएको खोर निर्माण तथा सुधारका लागि रु. बीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायिक उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप सुधारिएको खोर निर्माण तथा सुधारका लागि रु. चालीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ङ) कार्यक्रममा सहभागी सम्पुर्ण कृषकहरु द्धारा पालन गरिएका पशुहरुलाई विभिन्न खोप, पशु स्वास्थ्य शिविर, डाँले तथा भुई घाँसका वीउ तथा बेर्नाहरु लगायत अन्य प्राविधिक सहयोगहरु प्रदान गर्न सकिनेछ ।

च) व्यवसायिक किसानका लागि १ वटा प्रजनन् योग्य वोका र अन्य उद्यमी कृषकका हकमा ४० माउ बाख्रा बराबर १ बोका सम्बन्धित कृषक समूह वा सहकारी संस्थाले निर्णय सहित गरेको मागको आधारमा उपलब्ध गराउन सकिनेछ । किसानहरुका लागि प्रत्येक समुहमा १ वटा वितवरण गरिनेछ साथै वोका वितरणका लागि पचास पचास प्रतिशत नीतिलाई अबलम्बन गरिने छ ।

छ) उन्नत जातका पाठापाठी उत्पादनका लागि कृत्रिम गर्भाधानका कार्यक्रमहरु संचालन गर्ने लक्ष्य लिईएको छ ।

१४.२ गाई भैंसी पालक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछ:

क) लघु उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप सुधारिएको गोठ निर्माण तथा सुधारका लागिरु. दश हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) साना उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप सुधारिएको गोठ निर्माण तथा सुधारका लागि रु. बीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमी: यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप सुधारिएको गोठ निर्माण तथा सुधारका लागि रु. रु. तीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायिक उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप सुधारिएको गोठ निर्माण तथा सुधारका लागिरु. पचास हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ङ) गाउँपालिकाको पशु शाखाले सम्बन्धित सहकारी संस्था वा कृषक समूहको बिवरण अनुसार पशुहरुका लागि पशु स्वास्थ्य नियम अनुसार खुवाउनु पर्ने नाम्ले जुकाको औषधि उपलब्ध गराउन सक्नेछ ।

च) उन्नत जातका पाडापाडी उत्पादनका लागि कृत्रिम गर्भाधानका कार्यक्रमहरु संचालन गर्न सिमन र प्राबिधिक सेवा निशुल्क उपलब्ध गराउन सकिने छ ।

छ) दैनिक २०० लिटर दुध उत्पादन गर्ने कृषक समुह र फर्महरुलाई क्यान, रेफ्रिजेनेटर वा डि फ्रिज खरिदको लागि प्रोत्साहन स्वरुप रु पाँच हजार अनुदान उपलब्ध गराउन सकिनेछ ।

ज) दैनिक ५00 लि. दुध उत्पादन गर्ने समुह र फर्महरुलाई क्यान, मिल्क एनलाइजर, ५00 लिटरको चिलिङ्ग भ्याट खरिदको लागि प्रोत्साहन स्वरुप रु सात हजार अनुदान उपलब्ध गराउन सकिनेछ ।

ञ) दैनिक १000 लि. दुध उत्पादन गर्ने समुहरफर्महरुलाई क्यान, मिल्क एनलाइजर, १000 लिटरको चिलिङ्ग भ्याट, जेनेटर खरिदको लागि प्रोत्साहन स्वरुप रु. दश हजार अनुदान उपलब्ध गराउन सकिनेछ ।

ट) दैनिक २000 लि. दुध उत्पादन गर्ने समुह र फर्महरुलाई क्यान, मिल्क एनलाइजर, चिलिङ्ग भ्याट, जेनेटर खरिदको लागि प्रोत्साहन स्वरुप रु दश हजार अनुदान उपलब्ध गराउन सकिनेछ ।

१४.३ लोकल कुखुरा पालक पालक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछः

क) लघु उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधारका लागिरु. तीन हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) साना उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधारका लागि रु. दश हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधार का लागि बीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायिक उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधार का लागि पैतीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ङ) कार्यक्रममा सहभागी सम्पुर्ण कृषकहरुलाई जुकाको औषधी, विभिन्न खोप लगायत अन्य प्राविधिक सहयोगहरु प्रदान गर्न सकिनेछ ।

१४.४ बंगुर पालक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछ ।

क) लघु उद्यमी : यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधारका लागि रु. तीन हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) साना उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधारका लागि रु. सात हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधार का लागि रु. पन्ध्र हजारसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायिक उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप खोर निर्माण तथा सुधार का लागि रु. पच्चीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ङ) कार्यक्रममा सहभागी सम्पुर्ण कृषकहरुलाई जुकाको औषधी, विभिन्न खोप लगायत अन्य प्राविधिक सहयोगहरु प्रदान गर्न सकिनेछ।

१४.५ तरकारी उत्पादक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछ ।

क) लघु उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा विउविजन तथा मल खरिदका लागि रु. पाँच हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) साना उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा विउविजन तथा मल खरिदका लागि रु. दश हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा विउविजन तथा मल खरिदका लागि रु. बीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायिक उद्यमीः यस वर्गका किसानलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा विउविजन तथा मल खरिदका लागि रु. चालीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ङ) कार्यक्रममा सहभागी कृषकहरुलाई सिंचाइ सुबिधा पुयाउने उद्देश्यले समुहको आवश्यकतामा आधारित माग अनुसार मोटर, इनार, पाइप र तार आदि कार्यहरुका लागि ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाले सहयोग गर्न सक्नेछ ।

च) प्रत्येक कृषकहरुको खेतवारीमा कृषि प्राविधिक सेवा पुयाउने लक्ष्य राखिएको छ ।

छ) प्रत्येक समुहमा संकलन केन्द्रहरु निर्माण गरी संचालन र व्यवस्थापनको जिम्मेवारी

सहकारी संस्था मार्फत् गरिनेछ ।

ज) संकलन केन्द्रद्वारा बजारीकरण गर्न र सामान आयात र निर्यातका लागि एकवडा एक सेवाकेन्द्र वा एक सहकारी एक वडा एक ढुवानी साधनमा खरिद गरी संचालन गर्ने लक्ष्य लिएको छ ।

झ) टनेल द्वारा खेती गर्ने किसानका लागि ५८१२ मिटरको टनेल तयार भएपछि रु पन्द्र हजार रुपैयाँ सम्म अनुदान उपलब्ध गराउन सक्नेछ ।

ञ) फलफुल खेती गर्ने किसानका लागि बिरुवामा ५० प्रतिसत अनुदान दिने लक्ष्य राखिएको छ ।

१४.६ माछा पालक कृषकलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान उपलब्ध गराइनेछ ।

क) लघु उद्यमी: यस वर्गका माछा पालक किसानलाई प्रोत्साहन स्वरुप वार्षिक पुन माछाका भूरा खरिद तथा पोखरी सुधारको लागि रु. पाँच हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) सानाउद्यमी: यस वर्गका माछा पालक किसानलाई प्रोत्साहन स्वरुप वार्षिक पुन माछाका भूरा खरिद तथा पोखरी सुधारको लागि रु. दश हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग) मझौला उद्यमी: यस वर्गका माछा पालक किसानलाई प्रोत्साहन स्वरुप वार्षिक पुन माछाका भूरा खरिद तथा पोखरी सुधारको लागि रु. पन्द्र हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ) व्यवसायी उद्यमी: यस वर्गका माछा पालक किसानलाई प्रोत्साहन स्वरुप वार्षिक पुन माछाका भूरा खरिद तथा पोखरी सुधारको लागि रु. बीस हजार सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख) चिसो पानीमा हुने ट्राउट माछा पालन गर्ने किसानलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा माछाको भुरा खरिद र पोखरी निर्माणका सामग्रीका लागि पहिलो एक पटकको लागि रु. तीसहजारसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ६
## कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन

१५. उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र

सहजीकरणका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क) गल्छी गाउँपालिका अध्यक्ष : अध्यक्ष

ख) गल्छी गाउँपालिकाको उपाध्यक्ष : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) पशु शाखा प्रमुख : सदस्य

ङ) कृषि शाखा प्रमुख : सदस्य

च) गल्छी गाउँपालिका भित्रबाट गाउँ कार्यपालिका वैठकले ममोनयन गरेको समाजशात्र र बिषय बिशेषज्ञहरु बाट १ जना : सदस्य

छ) सहकारी शाखा प्रमुख : सदस्य सचिव

१६. कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा भुक्तानीको लागि सहकारी मार्पत आएका सिफारिसहरु स्वीकृत गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन सम्बन्धीअन्य आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद–७
## विविध

१७. **दर्ता हुनु पर्नेः** यस कार्यविधि बमोजिम अनुदान तथा सुविधा प्राप्त गर्न मझौला र व्यवाशायिक कृषकले यस गाउँपालिकाको कृषि वा पशु शाखामा व्यावशाय दर्ता गरेको हुनु पर्नेछ ।

१८. **कसुर र सजायः** उत्पादनमा आधारित अनुदान कार्यक्रमबाट अनुदान वा सामग्री प्राप्त गरेका कृषकले अनुदान तथा सामग्री तोकिए बाहेक अन्यत्र उपयोग गरेका पाइएमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको निर्णय बमोजिम अनुदान र सामग्री गाउँपालिकालाई फिर्ता गर्नु पर्नेछ । साथै कम्तिमा थप दुइ बर्ष कुनै किशिमको अनुदान र सामग्री उपलब्ध गराइने छैन ।

१९. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै किसान आफैले वहन गर्नु पर्नेछ ।

२०. प्रतिवेदनः उत्पादनमा आधारित कार्यक्रम सम्पन्न भएपछि किसानले सहकारी र गाउँपालिकाको कृषि र पशु र सहकारी शाखा लिखित रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२१. बाधा अडकाउ फुकाउन र व्यख्या गर्न सक्नेः गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

### दफा १३ को खण्ड (क) सँग सम्बन्धित

**गल्छी गाउँपालिका उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक किसान र समुहर फर्म संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा**

गल्छी गाउँपालिका आर्थिक वर्ष २०७७ स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा तरकारी, फलफुल, नगदेवाली, दलहन वाली,मासु जन्य, दुध जन्य पशु, लोकल कुखुरा, तरकारी, बंगुर, माछा जस्तामा आधारित अनुदान कार्यक्रममा सहभागी हुन वा आफु मातहतका सदस्य, कृषकहरुलाई संलग्न गराउन ईच्छुक सहकारी, समुह, फर्मले गाउँपालिकाले स्वीकृती दिएको सहकारी संस्था मार्फत् वडा कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

**उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक किसान,समुह,फर्म संस्थाले तोकिएको सहकारी संस्थाको कार्यालयमा दिने आवेदन पत्रको ढाँचा**

## अनुसूची २

### दफा १३ को खण्ड (ख) सँग सम्बन्धित

### गल्छी गाउँपालिका

श्री कार्यालय प्रमुखज्यू मितीः............................
गल्छी गाउँपालिका

बैरेनी धादिङ ।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा उत्पादन आधारित अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले

सो प्रयोजनका लागि तपशिलमा उल्लेखित अनुसारको बिबरण सहितको कागजात संलग्न गरी निवेदन पेश गरेका छौ ।

तपसिलः

१. आफ्ुले संचालन गर्न चाहेको उत्पादनको लागत बिवरण ।

२. दर्ताको प्रमाणपत्रको फोटो कपी एक प्रति ।

३. कर चुक्ता प्रमाणपत्रको फोटो कपी एक प्रति ।

४. संस्थाको हकमा गत वर्षको लेखापरिक्षणको प्रतिवेदन

५. सम्बन्धित वडा कार्यालयको सिफारिश

६ सम्बन्धित कृषि समूहरसहकारी संस्थाको सिफारिश

निबेदक

नाम थरः

ठेगानाः

मोबाइल नंः

अनुसूची ३

दफा १३ को खण्ड (ख) सँग सम्बन्धित

गल्छी गाउँपालिका

१. परिचयात्मक विवरण :

संस्था, उद्यमी वा कम्पनीको नाम :

ठेगाना :

अध्यक्ष वा लगानी कर्ताको नाम :

अध्यक्ष वा लगानी कर्ताको फोन नं :

आबेदक ब्यक्तिगत वा समुहगत

दर्ता नम्बर र मिति

दर्ता भएको कार्यालय

आबेदकको फोन नंम्बर

२. संस्था दर्ताको किसिम.................................................................................

३. उत्पादनको किसिम .................................................................................

४. उत्पादन गर्न चाहेको प्रस्तावित कार्यक्रमको नाम..............................................

५. कार्यक्रममा लावान्धितहुने श्रमिक हरुको संख्या................................................

६. कार्यक्रम संचालन पस्चायत उत्पादन हुने बस्तुको बिवरण ................................

७. आबेदकले लगानी गर्ने पुँजिको बिवरण .........................................................

८. भैतिक पुर्वाधारको बिवरण :

| सि.नं | बिवरण | संख्या | लागत रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

९. कार्यक्रम संचालन गर्न आबश्यक जनशक्तिको अबस्था ।

| क्र.सं | जनशक्तिको नाम | पद | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०. कार्यक्रमका जोखिमहरु के के छन

११. आबश्यकता र औचित्य

१२. आयोजना संचालन हुने स्थान

१३. आयोजनाले समेट्ने क्षेत्र र लावान्धित परिवार संख्या

१४. आयोजना संचालनमा लाग्ने अनुमानित खर्च ।

क. चालु खर्च: ख. संचालन खर्च :

ग. पूर्वाधार बिकास खर्च : घ. यन्त्र उपकरण खरिद खर्च :

१५. व्यावसायिक योजना उत्पादनमा

| क्र.सं | उत्पादित बस्तुको नाम | उत्पादित परिणाम | अनुमानित आम्दानी |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

१६. बार्षिक उत्पादन बिवरण ।

| क्र.सं | महिना | इकाई | उत्पादन गर्ने बस्तुको नाम |
|---|---|---|---|
| १ | साउन | | |
| २ | भदौ | | |
| ३ | असोज | | |
| ४ | कार्तिक | | |
| ५ | मंसिर | | |
| ६ | पुस | | |
| ७ | माघ | | |
| ८ | फाल्गुन | | |
| ९ | चैत्र | | |
| १० | बैशाख | | |
| ११ | जेष्ठ | | |
| १२ | असार | | |
| | जम्मा | | |

व्यवसायिक फर्मको नाम :

ठेगाना :

सम्पर्क व्यक्तिको नाम :

पद :

सम्पर्क नम्बर :